# सङ्कथन विश्लेषणको शैक्षणिक उपयोगिता

**डा. केशव भुसाल**
(उपप्राध्यापक)
नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर
keshabbhusal.tu@gmail.com
**Received Date:** October 25, 2024; **Reviewed Date:** Nov. 26, 2024
**Accepted Date:** Dec. 27, 2024

## लेखसार

*प्रस्तुत लेख सङ्कथन विश्लेषण र भाषाशिक्षणमा आधारित छ । यस लेखका प्रमुख उद्देश्य सङ्कथन विश्लेषण र भाषाशिक्षणको सम्बन्ध अध्ययन गर्नु, सङ्कथन विश्लेषणको भाषाशैक्षणिक उपादेयता पत्ता लगाउनुलगायत रहेका छन् । प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । यसमा ऐतिहासिक अध्ययन पद्धतिको अनुप्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा आवश्यक सैद्धान्तिक सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यका माध्यमबाट गरिएको छ । यसमा द्वितीयक स्रोतका सामग्रीहरूको प्रयोग गरिएको छ । यस क्रममा मुख्यतः अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरू र अंशतः नेपाली सैद्धान्तिक सामग्रीहरूको उपयोग गरिएको छ । प्रस्तुत अध्ययनका आधारमा भाषाशिक्षण धेरै पहिलेदेखि परम्परित रूपमा चल्दै आएको, अद्यापि यसको तौरतरिकामा उल्लेख्य सुधार आउन नसकेको, भाषाशिक्षणमा सम्प्रेषणात्मक पक्षलाई जोड दिनुपर्ने आवश्यकता टड्कारो बन्दै गएको, सङ्कथन विश्लेषण र भाषाशिक्षणका बिच निकटतम सम्बन्ध रहेको, भाषाशिक्षणको मुख्य ध्येय सङ्कथन उत्पादन गर्न सक्ने बनाउनु रहेको, सङ्कथन विश्लेषण सम्प्रेषणात्मक सक्षमता विकास, अन्तर्क्रियात्मक सक्षमता विकास, व्याकरण र शब्दभण्डार शिक्षण, दोस्रो भाषाशिक्षण, शैक्षिक सामग्री सङ्गठन र शिक्षण प्रक्रिया व्यवस्थापन, शक्षणीय पाठको व्याख्या, प्रकार्यात्मक पाठ्यक्रम निर्माणलगायतमा उपयोगी रहेकोलगायतका निष्कर्ष निकालिएको छ । यसबाट साङ्कथनिक क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहनेहरूका लागि आवश्यकीय मदत पुग्ने अपेक्षा गरिएको छ ।*

**शब्दकुञ्जी** : अधोगमन, उर्ध्वगमन, वाक्यात्मक संरचना, सङ्कथन, सम्प्रेषणीयता ।

## विषयपरिचय

सङ्कथन भाषाको विस्तृत स्वरूप हो । यसलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइका रूपमा, सन्दर्भपूर्ण भाषिक प्रयोगका रूपमा र वास्तविक भाषा प्रयोगका रूपमा व्याख्या गर्ने गरिन्छ । यसको आकार भाषिक एकाइका दृष्टिले उच्च देखा पर्छ भने आर्थी दृष्टिले सग्लो एवम् पूर्ण अभिव्यक्तिका रूपमा देखा पर्छ । पाश्चात्य भाषावैज्ञानिक नुनन (सन् १९९३) का दृष्टिमा "सङ्कथनले सान्दर्भिक सम्प्रेषणीय कथन घटनाको व्याख्यालाई बुझाउँदछ ।" सङ्कथनमा सम्बोधक, सम्बोधित, परिवेश, कोड, सन्देश, उद्देश्यलगायतका तत्त्वहरू रहेका हुन्छन् । यसलाई सम्बद्धक र सम्बद्धन युक्तिले सुसंयोजन गरेका हुन्छन् । सङ्कथन विश्लेषण भाषिक अभिव्यक्तिको अध्ययन, विश्लेषणसँग सम्बन्धित सिद्धान्त हो । सङ्कथन विश्लेषणमा व्याकरणिक पक्षलाई नहेरी भाषिक प्रस्तुति र त्यसको प्रकार्यको अधिक विश्लेषण गरिन्छ । सन् १९६० को दशकपछि विकसित सङकथन विश्लेषणको प्रारम्भिक चरणमा मौखिक अभिव्यक्तिलाई मात्र सङ्कथनका रूपमा लिइएको भए पनि पछिल्लो चरणमा लिखित सामग्रीलाई पनि सङ्कथनका रूपमा विश्लेषण गर्न थालिएको पाइन्छ । वर्तमान सन्दर्भमा साङ्केतिक सङ्कथनलाई पनि सङ्कथनको महत्तम भेदका रूपमा लिने गरिएको

छ । यद्यपि कथ्य र लेख्य भेदलाई यसका प्रमुख भेद मान्ने प्रचलन रहेको पाइन्छ । भट्टराई (२०६५) का दृष्टिमा "सङ्कथन विश्लेषणका लागि भाषा प्रयोगकर्ताको व्यवहार, त्यो क्षण, त्यो प्रकार्य बढी महत्त्वको हुन्छ" (पृ. ५१) । कथ्य सङ्कथन विश्लेषणअन्तर्गत वक्ताले व्यक्त गर्ने अपूर्ण भनाइ, थेगो, प्रस्तुतिको हाउभाउ, शैली, सन्दर्भ, समय आदिलाई र लेख्य सङ्कथन विश्लेषणमा संरचना, मानक स्वरूप, विचार वा सन्देश आदिलाई ध्यान दिने गरिन्छ ।

भाषाशिक्षण भाषिक सिप एवम् सक्षमताको शिक्षण हो । भाषाशिक्षणमा सुनाइ, बोलाइ, पढाइ र लेखाइको शिक्षण गरिन्छ । यसमा साहित्यका विधाहरूलार्य साधनका रूपमा र सिप विकासलाई साध्यका रूपमा लिने गरिन्छ । भाषाशिक्षणमा कथ्य र लेख्य भाषाको अधिक प्रयोग, व्यवहार हुने गर्छ । भाषाशिक्षणमा गरिने कथ्य भाषिक प्रयोगलाई कथ्य सङ्कथनका रूपमा र लेख्य भाषिक व्यवहारलाई लेख्य सङ्कथनका रूपमा दर्साउन सकिन्छ । यस दृष्टिले भाषाशिक्षण सङ्कथनसम्बद्ध विषयका रूपमा देखा पर्छ । उसो त भाषाशिक्षणका क्रममा उपयोग गरिने लिखित सामग्री र त्यसको प्रयोग व्यवहार पनि सङ्कथनसम्बद्ध विषयवस्तुकै रूपमा रहेका हुन्छन् । जसको प्रभावकारी शिक्षणका लागि साङ्कथनिक ज्ञान एवम् क्षमताको आवश्यकता पर्छ । भाषाशिक्षणका सन्दर्भमा आधारित भएर गरिने सङ्कथन विश्लेषणमा अभिव्यक्ति तथा पाठगत पूर्णतामा प्रयुक्त वाक्य संरचना, त्यसमा निहित शब्दभण्डार, सम्प्रेषण प्रक्रिया, व्यक्त विषयवस्तु वा विचारको आपसी अन्वयलाई सूक्ष्म रूपमा विश्लेषण गरिन्छ । कुक (सन् १९९६) का अनुसार सङ्कथन विश्लेषणका लागि अधोगमन पद्धति र उर्ध्वगमन पद्धतिको अधिक प्रयोग, व्यवहार गरिन्छ । सङ्कथनमा रहेको सबभन्दा ठूलो भाषिक एकाइ वा पाठलाई आधार मानी त्यसभित्रका ससाना भाषिक एकाइको खोजी र विश्लेषण गर्ने पद्धतिलाई अधोगमन पद्धति भनिन्छ भने सङ्कथनको अन्तिम अनुच्छेदभित्र प्रवेश गरी त्यसभित्रका वाक्यात्मक संरचनाको विश्लेषण गर्दै पूर्वापर सम्बन्ध केलाई पूर्वअनुच्छेद हुँदै सङ्कथन र पाठको शीर्षकीय तहसम्म पुगी विश्लेषण गर्नुलाई उर्ध्वगमन पद्धति भनिन्छ । सिङ्क्लेयर (सन् १९७५) का दृष्टिमा व्याकरण विश्लेषणअन्तर्गत पाँचवटा तहहरू : रूप, पद, पदावली, वाक्यांश र वाक्यको विश्लेषण गरिएजस्तै सङ्कथन विश्लेषणमा पनि कार्य, चाल, विनिमय, प्रबन्ध र पाठ गरी पाँचवटै तहको विश्लेषण गरिन्छ । यस किसिमको सैद्धान्तिक मान्यतायुक्त सङ्कथन विश्लेषण र भाषाशिक्षणबारे कमै मात्रामा अध्ययन, अन्वेषण भएको पाइन्छ । यसलाई दृष्टिगत गरी प्रस्तुत अनुसन्धानमा सङ्कथन विश्लेषण र भाषाशिक्षणको सम्बन्धबारे सूक्ष्म अनुशीलन गरिएको छ । प्रस्तुत अध्ययनको मुख्य उद्देश्य सङ्कथन विश्लेषण र भाषाशिक्षणबिचको सम्बन्ध निर्धारण गर्नु रहेको छ । यसका अन्य उद्देश्यका रूपमा भाषाशिक्षणमा सङ्कथनको स्थिति पहिचान गर्नु, सङ्कथन विश्लेषणको शैक्षणिक उपादेयता प्रस्तुत गर्नुलगायत रहेका छन् ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । यस अध्ययनमा वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा पुस्तकालयीय कार्यका माध्यमबाट आवश्यक सामग्रीहरूको सङ्कलन गरिएको छ । यस क्रममा सङ्कथन विश्लेषण र भाषाशिक्षणका बारेमा चर्चा गरिएका अङ्ग्रेजी तथा नेपाली सैद्धान्तिक सामग्रीहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययनमा सङ्कथन विश्लेषण र भाषाशिक्षणबारे अध्ययन, अन्वेषण गरी प्राप्त तथ्यलाई क्रमशः प्रस्तुत गरिन्छ । सङ्कथन विश्लेषण र भाषाशिक्षण शीर्षकमा आधारित प्रस्तुत अध्ययनका आधारमा विभिन्न तथ्य प्राप्त गरिएको छ ।

## विमर्श र परिणाम

भाषाशिक्षण धेरै वर्ष पहिलेदेखि परम्परित रूपमै चलिआएको छ । वर्तमान समयमा पनि यस परम्परामा तात्त्विक अन्तर आउन सकेको छैन । यसको मुख्य कारण अधिकांश भाषाशिक्षकहरू भाषाशिक्षणको संरचनात्मक पद्धतिबाट अभिनिर्देशित हुनु हो । जसको प्राथमिकता भाषालाई नियमहरूको स्वायत्त प्रणाली नभई सम्प्रेषणात्मक माध्यम  ठान्नु रहेको छ ।

### सङ्कथन विश्लेषण र भाषाशिक्षण

भाषाशिक्षणको परम्परागत धारणा र वर्तमान धारणामा विविधता पाइन्छ । कुक (सन् १९९६) का अनुसार परम्परागत भाषाशिक्षणको सम्बन्ध उच्चारण, व्याकरण र शब्दभण्डार गरी तीन पक्षमा सीमित रहेको थियो : यस अतिरिक्त परम्परागत भाषाशिक्षण विदेशी भाषाको ज्ञानमा आधारित रहेको थियो । भाषाशिक्षणको उद्देश्य संरचनात्मक सक्षमतामा आधारित थियो । धेरैजसो भाषाको अध्ययन र शिक्षणको व्यवहार वाक्यकेन्द्री रहेको थियो । भाषाशिक्षणमा वाक्यको नियम, उदाहरण, अभ्यास र कार्यकलापलाई जोड दिइन्थ्यो । व्याकरणको सिकाइले सिकारुलाई सम्बन्धित भाषाको उपयुक्त प्रयोगमा सक्षम बनाउने मानिन्थ्यो । भाषाशिक्षणका लागि प्रचलित विभिन्न विधिहरू व्याकरण शिक्षणमा केन्द्रित थिए । जसबाट विद्यार्थी व्याकरणका नियम सिक्न सक्षम भए तर सम्प्रेषणात्मक प्रयोजनले भाषाको प्रयोग व्यवहार गर्न भने असमर्थ रहे । अर्थात् परम्परागत शिक्षणबाट विद्यार्थीहरूमा वाक्यीय ज्ञान र एकल वाक्य प्रयोग क्षमताको विकास भए पनि सन्दर्भपरक वाक्यको अर्थबोध र अर्थपूर्ण विस्तार क्षमता कमजोर रहन पुग्यो ।

म्याकार्थी र कार्टर (सन् १९९४) का अनुसार परम्परागत शिक्षणले व्याकरणिक विधि र भाषिक स्वरूप तथा भाषिक संरचनामा ध्यान दिएर भाषाका दुई मुख्य तह : कार्य र सामाजिक-सांस्कृतिक अर्थलाई बेवास्ता गरेको देखिन्छ । यसको अर्थ शिक्षणमा वाक्यात्मक व्याकरणलाई बेवास्ता गर्नुपर्छ भन्ने होइन तर त्यसबाट मात्र सिकारुमा सम्प्रेषणात्मक सक्षमताको विकास सम्भव हुँदैन भन्ने हो । यसबाट के अवधेय हुन्छ भने कुनै पनि भाषाको समग्र प्रयोग व्यवहारमा सिकारुलाई समर्थ तुल्याउन परम्परागत शिक्षण प्रणाली पर्याप्त देखिदैन । यसका लागि सम्प्रेषणात्मक तथा सन्दर्भपरक सक्षमताको विकासमा जोड दिने आधुनिक भाषावैज्ञानिक सिद्धान्तहरूको अनुप्रयोग आवश्यक हुन्छ । कट्स (सन् १९९५) का अनुसार सिकाइ शिक्षणका क्षेत्रमा व्याकरणिक व्याख्या कठिनाइपूर्ण र असम्भव हुँदै गएपछि साङ्कथनिक र प्रकरणार्थी व्याख्यातिर ध्यान केन्द्रित हुँदै गएको पाइन्छ । ओस्टेन र मर्सिया (२००१) का अनुसार भाषाशिक्षणमा साञ्चारिक धारणा (सञ्चारका लागि/सञ्चारका रूपमा भाषा) को सुरुवात सन् १९७० को दशकपूर्व भएको र क्रमशः संसारभर भाषाशिक्षणलाई आदर्शका रूपमा लिन थालिएको पाइन्छ ।यसको प्रभावस्वरूप सन् १९७० को दशकपछि भाषाशिक्षकले शिक्षणको दिशालाई सम्प्रेषणात्मक दिशातर्फ उन्मुख गराउन थालेको देखिन्छ । तथापि अपेक्षाकृत रूपमा यसको व्यवहार भने हुन सकेको देखिदैन । अर्थात्बिसौं शताब्दीको धेरै पछिसम्म पनि भाषाशिक्षणमा भाषाविज्ञानमा जस्तै वाक्यलाई विश्लेषणको आधारभूत एकाइका रूपमा प्रयोग गरिएको देखिन्छ । म्याकार्थी (सन् २००१) का अनुसार बिसौं शताब्दीका केही दशकसम्म भाषावैज्ञानिक अध्ययनले भाषिक रूप वा संरचना (व्याकरण, उच्चारण) र त्यसमा पनि वाक्यात्मक अध्ययनमा जोड दिएको पाइन्छ । कोथर्ड (सन् २००८) का अनुसार भाषाशिक्षणका सन्दर्भमा अहिलेसम्म पनि भाषाविज्ञानका अन्य शाखाहरू सम्प्रेषणात्मक सक्षमताभन्दा पनि व्याकरणिक पक्षसँग सम्बन्धित रहेका छन् । यसरी भाषाशिक्षणको परम्परित प्रभाव सघन हुँदाहुँदै पनि समकालीन सन्दर्भमा सङ्कथन विश्लेषण भाषाशिक्षणको नवीन अवधारणाका रूपमा विकसित

भइसकेको छ । परिणामस्वरूप भाषाशिक्षणमा वाक्यात्मक तहेतर साङ्कथनिक स्वरूपलाई निकै महत्त्वका साथ उपयोगमा ल्याउन थालिएको छ । सम्प्रति यो (सङ्कथन ⁄ पाठ) अध्ययन-विश्लेषणको आधारभूत एकाइका रूपमा समेत देखा परेको छ ।

सङ्कथन विश्लेषण भाषिक अभिव्यक्तिको उपयुक्त संयोजन र आभिव्यक्तिक आशयको सिलसिलेवर प्रस्तुतिसँग सम्बन्धित रहेको छ । यसमा कथ्य, लेख्य र साङ्केतिक प्ररूपमा सानो आकारदेखि वृहताकारसम्म व्यवहृत भाषिक अभिव्यक्तिको अध्ययन विश्लेषण गरिन्छ । विस्नेस्की (सन् २००६) का अनुसार सङ्कथन विश्लेषण भाषाको भूमिका र महत्त्वको व्याख्यामा प्रयत्नशील हुन्छ । यसले सिकारुलाई भाषिक सङ्गठन (सङ्गत-असङ्गत), एकत्व र सन्दर्भगत प्रयोगको पहिचान गर्न, प्ररिस्थिति अनुसार सिर्जनात्मक प्रतिक्रिया जनाउन र सुसङ्गत एवम् बोधगम्य सङ्कथन रचना गर्न सक्षम तुल्याउँछ । यसबाट सिकारुले कुराकानी कसरी सुरु गर्ने, कसरी अन्त्य गर्ने, भषिक अभिव्यक्ति कसरी अर्थपूर्ण हुन्छ ? अभिव्यक्तिलाई संयोजन गर्ने युक्तिहरू केकस्ता हुन्छन् भन्ने बारेमा पनि आवश्यक सुझ प्राप्त गर्दछन् । भाषाको प्रयोग-व्यवहार कक्षाकोठा, सामाजिक सन्दर्भ वा कुराकानीको प्रसङ्गमा निश्चित आदर्श र शक्ति सम्बन्ध अन्तर्भूत हुन्छ । “भाषाशिक्षण र सिकाइमा आदर्श ⁄ सङ्कथनका मुद्दाहरूको उपयोग पाठ्यपुस्तकीय विषय र कार्यद्वारा प्रस्तुत गरिएको हुन्छ जुन प्रायः आदर्शहरूबाट प्रभावित हुन्छ” (शर्मा, २०११, पृ. १६२) । वास्तवमा “आदर्शहरू पाठ वा सङ्कथनमा विद्यमान हुन्छन् । साथै आदर्शले केही भाषिक अभ्यासको स्वरूपमा प्रभाव पार्दछन्” (फेयरक्लफ, २०१०, पृ. ५७) । यस आधारमा सङ्कथनलाई मानवीय आदर्श प्रस्तुति स्थल र आदर्शलाई सङ्कथन प्रस्तुतिको आधार मान्न सकिन्छ । भाषाशिक्षण र सिकाइका योजनाकार र अभ्यासकर्ताका लागि यी दुईका बिचको सम्बन्ध निकै नै उपयोगी रहेको छ ।

वस्तुतः भाषाशिक्षणको मुख्य उद्देश्य सिकारुमा सम्प्रेषणात्मक क्षमताको विकास गराउनु हो । विडोसन (सन् १९७९) का अनुसार बोल्न, पढ्न, लेख्न र बुझ्न सक्नुलाई मात्र भाषिक ज्ञान मानिदैन । यसको अर्थ सम्प्रेषणमा वाक्यहरू कसरी व्यवहृत हुन्छन् त्यो थाहा पाउनु ज्ञान प्राप्त गर्नु हो । कट्स (सन् १९९५) का अनुसार सिकारुमा सम्प्रेषणात्मक सक्षमताको विकास व्याकरणिक दृष्टिले मात्र नभई साङ्कथनिक र प्रकरणार्थी ज्ञानको उचित प्रयोगबाट सम्भव हुन्छ । उनका अनुसार भाषा शिक्षणको मुख्य जोड भाषा सिकाउन होइन, भाषिक सम्प्रेषण सिकाउन अभिमुख हुनु पर्दछ । भाषिक सञ्चार वा सम्प्रेषण अन्तर्वैयक्तिक विनिमयमा मात्र आधारित हुँदैन । यसले सङ्कथनमा सहभागी हुन सक्ने सक्षमता विकासलाई पनि समेट्न सक्नु पर्छ । यसबाट भाषाका विभिन्न साहित्यिक र साहित्येतर रचना सक्षमताको पनि विकास हुनु पर्दछ । क्यानल (सन् १९८३) का अनुसार सम्प्रेषणात्मक क्षमता विकासका लागि व्याकरणिक सक्षमता (ग्रामेटिकल कम्पिटेन्सी), समाजभाषिक सक्षमता (सोसिओलिङ्ग्विस्टिक कम्पेटेन्सी), सङ्कथन सक्षमता (डिस्कोर्स कम्पिटेन्सी) र प्रयोगपरक एवम् रणनीतिक सक्षमता (स्ट्राटेजिक कम्पिटेन्सी) गरी ज्ञानका चार क्षेत्रको संयोजन आवश्यक हुन्छ ।

उल्लिखित चार क्षेत्रमध्ये व्याकरणिक सक्षमता अभिव्यक्तिको शाब्दिक अर्थ बोध गर्न र त्यसै अनुरूप अभिव्यक्त गर्न सक्ने क्षमता वा ज्ञान र सीपसँग सम्बन्धित छ । यसलाई व्याकरणिक पाठ्यक्रमको परम्परागत धारणाका रूपमा लिइन्छ । समाजभाषिक सक्षमता भाषिक स्वरूप र भाषिक अर्थको उपयुक्त प्रयोगगत सक्षमतासँग सम्बन्धित रहेको छ । यसले भाषिक अभिव्यक्तिको नियमलाई सामान्यतया नपछ्याई सामाजिक परम्परा अनुसारको भाषिक प्रयोग व्यवहारमा जोड दिन्छ । सङ्कथन सक्षमता पाठको संसक्ति र संयुक्तिसँग सम्बन्धित रहेको छ । यसले विभिन्न

अभिव्यक्तिगत ज्ञानको संगठन र भाषिक स्वरूप एवम् कार्यका बिचको सम्बन्ध व्याख्यामा जोड दिन्छ । प्रयोगपरक वा रणनैतिक सक्षमता भाषिक अभिव्यक्ति वा उच्चारको शाब्दिक, अशाब्दिक तौरतरिकाको संयोजनसँग सम्बन्धित रहेको छ ।

शिक्षणको एउटा ज्यादै महत्त्वपूर्ण पक्ष भनेको सङ्कथनको उत्पादन गर्नु हो । "शिक्षकले शिक्षण गर्नुको र प्रशिक्षकले प्रशिक्षण दिनुको उद्देश्य विद्यार्थीलाई छानिएको शीर्षकबाट सुसङ्गत र सुसंयोजित तरिकाले कुरा गर्न सक्षम बनाउनु हो" (हालिडे र हसन, १९९१, पृ. ९५) । कट्स (सन् १९९५) का दृष्टिमा भाषा प्रयोगको साङ्कथनिक दृष्टिकोण तीन ओटा साधारण मान्यतामा आधारित रहेको छ : - सम्प्रेषणात्मक सक्षमता - सन्दर्भ, भाषिक भेद र वास्तविक तथ्य - मनसाय र व्याख्याको समन्वय । भाषाशिक्षणमा सम्प्रेषणात्मक कार्य सम्पादनका दृष्टिले यी क्षेत्र परिचित र प्रचलित रहेका छन् । सङ्कथन विश्लेषणलाई भाषा कक्षाकोठामा प्रयोग व्यवहार गर्दा शैक्षणिक कार्यहरूलाई थप प्रभावकारी बनाउन सकिन्छ । जसका माध्यमबाट विद्यार्थीहरूको सम्प्रेषणात्मक क्षमता विकासमा समेत सहयोग पुग्छ । यसपूर्व चर्चा गरिएका भाषिक ज्ञान र सिपका विभन्न पक्षहरू भाषिक, समाजभाषिक, साङ्कथनिक र प्रयोगपरक तथा रणनीतिक सक्षमताले सिकारुमा अपेक्षित क्षमता विकास गर्न सघाउने मानिन्छ । लोमस, ओस्रो र ट्युसन (सन् १९९३) का अनुसार भाषिक, समाजभाषिक, साङ्कथनिक र प्रयोगपरक सक्षमता विकासबाट सिकारु साञ्चारिक परिवेशसम्बद्ध तत्त्व वा अवयवको पहिचान, विभिन्न विधा, शैली र भाषिक भेदको पहिचान, प्रयोगविचार निर्माण र वास्तविकता पहिचान, व्याख्याका लागि अन्तर्वैयक्तिक सम्बन्धको साधनका रूपमा भाषाको प्रयोग र विभिन्न साङ्कथनिक अभ्यासको मूल्य, उत्पत्ति र सामाजिक कार्यको पहिचानका लागि सिपविकासमा समर्थ हुन्छन् र भाषाशिक्षणका सन्दर्भमा साङ्कथनिक संसक्ति र संयुक्तिको बोध तथा अभ्यासमा समस्या देखिएको पाइन्छ । कुक (सन् १९८९) का अनुसार परम्परागत भाषाशिक्षणमा संसक्तिको उपयुक्त व्यवहार गरिएको पाइँदैन । उनका अनुसार विद्यार्थीले संसक्ति प्रयोगमा कठिनाइको महसुस गर्छन् । अल्सावी (सन् २०१६) का अनुसार विद्यार्थीमा संसक्तिको कठिनाइसँगै कठिनाइको प्रादुर्भाव हुन्छ । यसले के देखाउँछ भने विद्यार्थीमा संसक्तिगत समस्या छ । त्यसो त सिकारुमा संयुक्तिगत समस्या पनि रहेको छ ।

कुनै एक विषय शीर्षकमा आधारित भई बोल्दा वा लेख्दा विषयवस्तुलाई भावगत रूपमा आनुक्रमिक बनाएर प्रस्तुत गर्न नसक्नु, आदि, मध्य र अन्त्यको उपयुक्त संयोजन कायम गर्न नसक्नु, तथा लिखित सामग्री एक किसिमको प्रवाहमा प्रस्तुत हुन नसक्नु संयुक्तिगत सक्षमतानिबद्ध समस्याहरू हुन् । जसको समाधानका लागि शिक्षकको भूमिका अहम् हुनुपर्दछ । वर्तमान सन्दर्भमा भाषाशिक्षणका लागि उर्ध्वगमन पद्धति उपयोगी रहेको ठानिएको छ । नुनन (सन् १९९३) का दृष्टिमा अहिले यो प्रयोगसिद्ध भएको छ कि भाषाशिक्षणको क्षेत्रमा उर्ध्वगमन पद्धतिको दृष्टिकोण अत्यधिक प्रयोगमा रहेको छ । उनका अनुसार यस पद्धतिअन्तर्गत पठन प्रक्रियामा पाठकले सर्वप्रथम सङ्कथन (पाठ) मा प्रयुक्त अक्षर पत्ता लगाउँछ र त्यसलाई शब्दमातहत हेर्छ । तत्पश्चात् शब्दहरू वाक्यमा उनिएको, वाक्यहरू अनुच्छेदमा गाँसिएको र अनुच्छेदहरू पूर्ण सङ्कथन वा पाठसँग सम्बन्धित रहेको पत्ता लगाउँछ । यसपछि मात्र अन्तिम चरणमा बोधको कुरा आउँछ । यो कार्य सङ्कथन वा पाठ पठनको लामो प्रक्रियापछि सम्भव हुन्छ । विस्नेस्की (सन् २००६) का अनुसार उर्ध्वगमन पद्धति बारम्बार तल्लो तहका सिकारुहरूका निम्ति प्रयोग गरिन्छ जो खास शब्दहरूलाई सङ्केत गर्न निकै सतर्क हुन्छन् । यस अर्थमा सिकाइ एउटा नयाँ भाषा सुरु गर्नु हो जहाँ पहिले वर्ण त्यसपछि शब्द र छोटा पदावली अनि सरल वाक्य र अन्तिममा संयुक्त वाक्यको विस्तार सिकाइन्छ । परम्परागत रूपमा हाम्रो भाषाभाषाशिक्षा यसै दृष्टिकोणबाट प्रभावित हुँदै आएको छ जसलाई अंशकेन्द्री

दृष्टिकोण (अटोमिस्टिक एप्रोच) पनि भनिन्छ । उपर्उल्लिखित विविध दृष्टिकोणबाट सङ्कथन विश्लेषण र भाषाशिक्षणलाई अवेक्षण गर्दा भाषाशैक्षणिक सन्दर्भमा सङ्कथन विश्लेषण सिकारु, शिक्षक, पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक लगायतलाई निकैउपयोगी देखिएको छ । यस आधारमा यसको भाषाशैक्षणिक उपादेयतालाई निम्नानुसार चर्चा गरिएको छ :

## सम्प्रेषणात्मक सक्षमता विकासमा सङ्कथन विश्लेषणको उपयोग

भाषाशिक्षणको मुख्य उद्देश्य सिकारुहरूमा सम्प्रेषणात्मक सक्षमता (कम्युनिकेटिभ कम्पिटेन्सी) को विकास गर्नु हो । क्यानल एन्ड स्वीन (सन् १९८०) का अनुसार सम्प्रेषणात्मक सक्षमताका लागि चार पक्षको सक्षमता आवश्यक पर्छ : व्याकरणिक सक्षमता, समाजभाषिक सक्षमता, सङ्कथन सक्षमता र प्रयोगपरक सक्षमता । यीमध्ये सङ्कथन सक्षमताले व्याकरणिक र कोशीय शब्दको उपयुक्त छनोट र प्रयोग तथा भाषिक अभिव्यक्तिको अर्थपूर्ण प्रस्तुतिगत क्षमतालाई जनाउँदछ । अर्थात् यसले वाक्यलाई संसक्तिगत संरचनामा संयोजन गर्न सक्ने, सङ्कथनका विभिन्न स्वरूपलाई व्यवस्थित रूपमा प्रयोग गर्न सक्ने, संसक्ति र संयुक्तिको उपयुक्त प्रयोग व्यवहार गरी कथ्य, लेख्य सङ्कथन सिर्जना गर्न सक्ने लगायतका सक्षमतालाई जनाउँदछ । भाषाविद बाक्मन (सन् १९९०) का अनुसार “भाषिक ज्ञानले २ प्रकारको ज्ञानलाई जनाउँदछ : सङ्गठनात्मक ज्ञान र प्रकरणार्थी ज्ञान” (निभिस, सन् २०१३, पृ ६४ मा उद्धृत) । यीमध्ये सङ्गठनात्मक ज्ञान सङ्कथन अध्ययनसँग सम्बन्धित रहेको छ । जसले वाक्य उत्पादन, पाठमा त्यसको समायोजन, व्याकरणिक र पाठ्यात्मक ज्ञानको समावेशन लगायतलाई जनाउँदछ । यसबाट के स्पष्ट हुन्छ भने भाषिक अभिव्यक्ति वा उच्चारमा व्यवहृत हुने वाक्यसंरचना वा सग्लो कथनलाई सम्प्रेषणात्मक रूपमा प्रस्तुत गर्नका लागि साङ्कथनिक ज्ञान एवं सक्षमताको आवश्यक पर्दछ । जुन सङ्कथन विश्लेषणसम्बन्धी अवधारणाको युक्तियुक्त प्रयोग व्यवहारबाट सम्भव हुन्छ ।

## अन्तर्क्रियात्मक सक्षमता विकासमा सङ्कथन विश्लेषणको उपयोग

भाषाशिक्षणको एउटा महत्वपूर्ण उद्देश्य सिकारुलाई लक्षित भाषामा क्रिया-अन्तर्क्रिया गर्न सक्ने बनाउनु हो । वस्तुतः सिकारुले गर्ने भाषिक अन्तर्क्रियालाई कथ्य सङ्कथनका रूपमा लिइन्छ । परम्परागत रूपमा व्यवहृत वाक्यविज्ञान र अर्थविज्ञान सम्बन्धी अवधारणामा सिकारुलाई शुद्धसँग बोल्न र लेख्न सिकाउने अभिप्राय राखिन्थ्यो । जसका माध्यमबाट सिकारु लक्षित भाषामा आवश्यक क्रिया-अन्तर्क्रिया गर्न असमर्थ हन्थे । वर्तमान सन्र्दभमा सिकारुलाई सिकाइका क्रममा सामाजिक र अन्तर्क्रियात्मक कार्यसँग सम्बन्धित तुल्याउनु पर्ने मान्यता विकसित भएको देखिन्छ । जब सिकारुहरू अन्तर्क्रियामा सरिक हुन्छन् तब तिनीहरूले बोध्य अभिव्यक्ति उत्पादन गर्न सक्छन् । यसका लागि सङ्कथन विश्लेषण उपयोगी आधारका रूपमा देखा परेको छ । यसले सिकारुलाई भाषा प्रयोगमा व्याकरणिक मात्र नभएर सन्दर्भपरक भाषाको व्यवहारमा पनि समर्थ तुल्याउने मानिन्छ । वास्तवमा भाषिक अभिव्यक्ति वा उच्चार संरचनात्मक र आर्थी दृष्टिले एकीकृत तुल्याई प्रस्तुत गर्नु पर्ने हुन्छ । सङ्कथन विश्लेषणका माध्यमबाट विद्यार्थीहरूले कुराकानी वा पाठको आरम्भ र अन्त्य कसरी गर्ने, भाषिक अभिव्यक्ति कसरी अर्थपूर्ण हुन्छ, अभिव्यक्तिका जोडक युक्ति के-के हुन्, भनिएको भन्दा ज्यादा सञ्चरित कसरी हुन्छ लगायतबारे ज्ञान आर्जन गर्छन् । जब विद्यार्थीहरूले साङ्कथनिक विशेषता ठिकसँग बोध गर्न सक्छन् तब उनीहरू सुसंरचित सङ्कथन उत्पादन गर्न अभिप्रेरित हुन्छन् । यस प्रयोजनार्थ विद्यार्थीहरूलाई साङ्कथनिक प्रक्रिया, बोध एवम् अन्तर्क्रियामा सहभागी गराउनु आवश्यक हुन्छ । सिकारुले शिक्षक र कुशल वक्ताबाट आवश्यक अन्तर्क्रियात्मक सिप ग्रहण गर्न सक्ने मानिन्छ ।

## व्याकरण र शब्दभण्डार शिक्षणमा सङ्कथन विश्लेषणको उपयोग

भाषाशिक्षणका सन्दर्भमा व्याकरण र शब्दभण्डारको उपयुक्त शिक्षणार्थ सङ्कथन विश्लेषण निकै उपयोगी मानिन्छ । सङ्कथनकेन्द्री धारणामा व्याकरणको स्थान महत्त्वपूर्ण हुन्छ । सङ्कथन वा पाठलाई संयोजन गर्ने एकाइहरूले विभिन्न व्याकरणिक रूपबाट भूमिका पूरा गर्दछन् (ओस्टेन र मर्सिया, पूर्ववत्) । भाषिक व्याकरण सुसंस्कृत भाषिक उत्पादनका लागि मात्र नभई सङ्कथन ग्रहण र बोधका लागि पनि महŒवपूर्ण हुन्छ । "सङ्कथनमा उपवाक्य, वाक्य र पालो जोड्ने कार्यमा व्याकरणको प्रत्यक्ष भूमिका देखिन्छ" (म्याकार्थी, पूर्ववत्) । धेरैजसो पाठकहरूले पाठ एकतामा योगदान पुऱ्याउने संसक्ति युक्तिको पहिचानबाट लाभ प्राप्त गर्न सक्छन् । विस्नेस्की (पूर्ववत्) का अनुसार संसक्ति युक्तिको पहिचान गर्न नसकेको अवस्थामा व्यक्त आशयको बोध कठिन बन्न पुग्दछ । यसका लागि सिकारुलाई सांकथनिक संसक्ति र यसका विभिन्न भेदको उपयुक्त प्रयोग व्यवहारमा सक्षम बनाउनु पर्छ ।

वस्तुतः साङ्कथनिक संसक्तिव्याकरणिक र कोशीय गरी दुई प्ररूप हुन्छन् । सङ्कथन वा पाठमा व्यवहृत व्याकरणिक संसक्ति कोशीय संसक्तिका तुलनामा बढी दृश्यात्मक र सरल पहिचानात्मक प्रकृतिका हुन्छन् भने कोशीय संसक्ति अलि भिन्न प्रकृतिका हुन्छन् । पछिल्लो समयमा सङ्कथन विश्लेषकहरूद्वारा गरिएको अध्ययनबाट कोशीय सिक्रीहरू सबै प्रकारका सुसङ्गत पाठमा सन्निहित हुन्छन् भन्ने कुरा पत्ता लागेको छ । शाब्दिक सिक्री वा बन्धनका सम्बन्धहरू एउटा वाक्यमा मात्र सीमित हुँदैनन् । तिनले शब्दका जोडालाई एक अर्कामा जोड्न सक्छन् । साथै विभिन्न वाक्यको वितान वा पूर्वपाठलाई समेत परस्परमा संयोजन गर्न सक्छन् । वस्तुतः कक्षाकोठामा पर्यायवाची, पुनरावृत्ति, समावेशी लगायतका शब्दहरूको प्रयोग हुन्छ । बालबालिकाहरूका लागि अन्य शब्दका तुलनामा पर्यायवाची शब्दहरू सापेक्ष रूपमा सरल हुन्छन् (विस्नेस्की, पूर्ववत्) । वास्तवमाकथ्य वा लेख्य पाठमा व्यक्त आशयलाई समुचित तरिकाले ग्रहण र बोध गर्न संसक्ति युक्तिसम्बन्धी जानकारी आवश्यक पर्छ । भाषिक अभिव्यक्ति वा उच्चारमा व्याकरणिक र कोशीय संसक्तिले संरचनात्मक सिक्री एवम् पाठ्यात्मक एकताका रूपमा निर्वाह गर्ने भूमिका सम्बन्धमा वक्ता-श्रोता वा लेखक-पाठक अपरिचित भएमा व्यक्त अभिव्यक्तिको बोधमा समस्या सिर्जना हुन्छ । त्यसो त कथ्य वा लेख्य पाठ प्रस्तुतिका क्रममा उपयुक्त संसक्तिको छनोट र प्रयोगमा सिकारुलाई सक्षम बनाउन पनि साङ्कथनिक सुझबुझको आवश्यकता पर्छ । सिकाइ शिक्षणका क्रममा शिक्षकले संसक्ति युक्तिलाई यहाँनिर छन् र यी हुन् भनेर तर्कनुभन्दा तिनको भूमिकातिर फर्कनु वाञ्छनीय र व्यावहारिक हुन्छ ।

सङ्कथन विश्लेषणका आधारमा भाषिक शब्दभण्डारको प्रभावकारी शिक्षण गर्न सकिन्छ । शब्दभण्डारको शिक्षण र सिकाइमा सङ्कथनको परिप्रेक्ष्य स्पष्ट रूपमा खडा हुन्छ (ओस्टेन र मर्सिया, पूर्ववत्) सन्दर्भविना शब्दभण्डारको सिकाइ शिक्षणलाई अपेक्षित तुल्याउन सकिदैन । सङ्कथन वा पाठको सानो-ठुलो अंश अन्तर्गत शब्दभण्डारको लक्षित अर्थ स्पष्ट हुन्छ । वक्ता वा लेखकद्वारा प्रस्तुत शब्द वा अभिव्यक्तिको अर्थ बोधका लागि सुनाइ र पढाइगत सन्दर्भको ज्ञान आवश्यक पर्दछ । वास्तवमा विद्यार्थीहरूका लागि शब्दभण्डार बारम्बार समस्याको कारक बन्दछ । किनकि यो व्याकरणभन्दा खुला-बन्द प्रणाली हो । जसमा नवीन एकाइहरू अविच्छिन्न रूपमा थपिइरहन्छन् । त्यसैले सन्दर्भ र सहसन्दर्भमा ध्यान दिएर नवीन पारिभाषिक शब्दावली सिकाउनु लाभप्रद हुन्छ (विस्नेस्की, पूर्ववत्) ।

## दोस्रो भाषाशिक्षणमा सङ्कथन विश्लेषणको उपयोग

दोस्रो भाषाशिक्षणको मुख्य उद्देश्य विद्यार्थीमा सम्बन्धित भाषामा सम्प्रेषणात्मक क्षमताको विकास गर्नु हो । सङ्कथन विश्लेषणले सङ्कथन वा पाठमा प्रस्तुत सामाजिक, सांस्कृतिक पक्षको समीक्षण गर्ने हुँदा दोस्रो भाषी विद्यार्थीलाई व्यक्त भाषाको बोधार्थ सघाउ पुग्ने हुन्छ । डेमो (सन् २००१) का अनुसार यसमा दोस्रो भाषाशिक्षकले चार प्रक्रिया : अभिलेख, अवलोकन, लिप्यान्तरण र विश्लेषणलाई पछ्याएर कक्षाकोठाको अन्तर्क्रियात्मक ढाँचा पत्ता लगाउन सक्छन् र त्यसबाट विद्यार्थीले गरेका अन्तर्क्रिया तिनीहरूको लक्षित भाषा सिकाइका लागि उपयोगी छन् वा छैनन् सोको विश्लेषण गर्न सक्छन् । कुनै पनि भाषालाई दोस्रो भाषाका रूपमा शिक्षण गर्ने क्रममा सिकारुहरूलाई सन्दर्भ अनुसार उनीहरूको समाजका बारेमा वा रुचिपूर्ण विषयमा लेख्न लगाउन सकिन्छ । यस क्रममा तिनीहरूले उपयुक्त सामग्री छनोट गर्ने, रुचि अनुसारका सङ्कथन शीर्षक छान्ने गर्छन् । साथै विभिन्न किसिमका विधाहरूको रचना गर्न पनि सक्छन् । त्यसो गर्दा विभिन्न पारिभाषिक तथा आलङ्कारिक शब्दको प्रयोग सक्षमता विकासका अतिरिक्त लेखन परिष्कार लगायतमा सघाउ पुग्ने हुन्छ । डेमो (पूर्ववत्) का अनुसार यस किसिमको कार्यले शिक्षकलाई आफ्नो शिक्षण क्रियाकलाप र त्यसको प्रभाव मूल्याङ्कन गर्न पनि सघाउँछ ।दोस्रो भाषाशिक्षणका क्रममा शिक्षकले भिडियो छनोट, भिडियो प्रदर्शन, पाठ अनुवाद, भिडियो विश्लेषण लगायतका कार्य चरणबद्ध रूपमा गर्न सक्छन् । त्यसो त अर्को भाषामा लेखाइ सिपको विकास गर्न चाहनेका लागि सङ्कथन प्राथमिक स्रोत बन्न सक्छ । लेखाइमा आधारित कक्षाले विद्यार्थीलाई लेख्य पाठको सङ्गठनबारे जानकारी प्रदान गर्न र सोहीअनुसार रचना गर्न समेत सघाउने मानिन्छ ।

## शैक्षिक सामग्री सङ्गठन र शिक्षण प्रक्रिया व्यवस्थापनमा सङ्कथन विश्लेषणको उपयोग

भाषाशैक्षणिक कार्यक्रमलाई अपेक्षाकृत रूपमा सुसम्पन्न गर्नका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरू समग्र शैक्षणिक कार्यक्रमसम्बद्ध सामग्री र कक्षाशिक्षणसम्बद्ध सामग्री गरी दुई प्रकारका हुन्छन् । समग्र शैक्षणिक कार्यक्रमसम्बद्ध सामग्रीअन्तर्गत भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक, स्वअध्ययन सामग्री, शिक्षक निर्देशिका लगायत पर्छन् भने कक्षा शिक्षणसम्बद्ध सामग्री अन्तर्गत पाठ्यवस्तु अनुसारका सामग्रीहरू पर्दछन् । यी विभिन्न प्ररूपका शैक्षिक सामग्री निर्माणका क्रममा भाषापाठ्यक्रम निर्माणदेखि नै ध्यान दिनुपर्ने हुन्छ । विद्यार्थीमा साङ्कथनिक दृष्टिले भाषा सिकाउने प्रयोजन अङ्गीकार गर्ने हो भने त्यसै अनुरूपका विषयवस्तु समावेश गरी भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्रीहरू तयार गर्नु पर्ने हुन्छ भने कक्षाशिक्षणका क्रममा पनि सोही मर्मलाई आत्मसात गरी शैक्षिक सामग्रीहरू प्रयोग व्यवहारमा ल्याउनुपर्ने हुन्छ । यसो गर्दा साङ्कथनिक संसक्ति र संयुक्तिको वस्तुतालाई विशेष रूपमा ध्यान दिनु पर्दछ । त्यस्तै शिक्षण प्रक्रिया व्यवस्थापनका सन्दर्भमा पनि साङ्कथनिक मान्यताको अवलम्बन गर्नु आवश्यक हुन्छ । किनभने भाषाशिक्षण अन्तर्गत भाषाशैक्षणिक विषयवस्तु, विधि, सामग्री, क्रियाकलाप, मूल्याङ्कन लगायतको उपयुक्त संयोजन अपेक्षित हुन्छ । त्यसो त भाषाशिक्षणको प्रक्रिया अन्तर्गत लगानी, प्रक्रिया र उत्पादनलाई विशेष रूपमा लिइन्छ । जसमध्ये लगानीको सम्बन्ध भाषापाठ्यक्रम, पाठ्यपुस्तक आदिसँग, प्रक्रियाको सम्बन्ध सिकाइ क्रियाकलापसँग र मूल्याङ्कनको सम्बन्ध उपलब्धिको लेखाजोखासँग रहेको हुन्छ । सङ्कथन विश्लेषण विश्लेषणीय प्रतिफल प्राप्त गर्नका लागि मात्र नभई प्राप्त नतिजा भाषाशिक्षण र सिकाइ कार्यक्रममा लागु गर्नका लागि पनि गरिन्छ । यस दृष्टिले सङ्कथन विश्लेषणलाई भाषाशिक्षण र सिकाइ कार्यकलापको साधनका रूपमा लिइन्छ । सङ्कथन विश्लेषणका सन्दर्भमा कक्षाकोठामा शिक्षक र विद्यार्थीका बिच हुने क्रिया-अन्तर्क्रियाको

अध्ययनलाई निकै महत्त्वपूर्ण मानिन्छ । यो भाषा कक्षाकोठाभित्र कार्यात्मक अनुसन्धानको स्वरूपमा देखापर्न सक्छ । कुनै पनि शिक्षकले विद्यार्थीबाट उत्पादित सङ्कथनको विश्लेषण गर्दा त्यसबाट प्राप्त परिणामलाई पाठयोजना निर्माणमा प्रयोग गर्न सक्छन् । सङ्कथन विश्लेषणले शिक्षकलाई सङ्कथन छनोट र मूल्याङ्कन गर्न तथा साङ्कथनिक प्रकारमा निहित विशेषताको व्याख्या गर्न अन्तर्दृष्टि उपलब्ध गराउँछ । यसबाट कक्षाकोठाको सङ्कथन (क्लासरुम डिस्कोर्स) लाई व्यवस्थित तुल्याउने सुझसमेत प्राप्त हुन्छ ।

## शिक्षणीय पाठको व्याख्यामा सङ्कथन विश्लेषणको उपयोग

सङ्कथन अध्ययनमा लेख्य पाठको व्याख्यालाई त्यसमा निहित अर्थको प्रवाह वा सम्प्रेषण गर्ने कार्यका रूपमा लिइन्छ । यसमा जोड दिनु आवश्यक छ कि लेख्य पाठको स्पष्ट बोध पाठकमा भर पर्छ । यसको अर्थ लेख्य पाठको व्याख्याता पाठक हो, लेखक होइन । वास्तवमा लिखित सामग्रीको पठन प्रापक वा पाठकको सांसारिक ज्ञान वा पूर्वज्ञान, अनुभव र सङ्कथन बोध क्षमतामा भर पर्छ । कक्षाशिक्षणका सन्दर्भमा शिक्षक र विद्यार्थी लेख्य पाठको व्याख्याताका रूपमा देखा पर्छन् । भाषापाठ्यक्रमले निर्दिष्ट गरेका विषववस्तुको क्षेत्र र क्रमका आधारमा पाठ्यपुस्तक लेखकले तयार पारेका पाठ्यसामग्रीहरू कक्षाशिक्षणमा पाठका रूपमा व्यवहृत हुन्छन् । परम्परागत सन्दर्भमा हरेक पाठलाई शिक्षकले अक्षरशः पठन गर्दै, व्याख्या गर्दै जाने र विद्यार्थीले त्यसलाई श्रवण एवम् बोध गर्दै जाने प्रक्रियालाई मुख्य प्रक्रियाका रूपमा लिइएको भए पनि सम्प्रति निर्दिष्ट पाठ विद्यार्थी स्वयम्लाई पढ्न लगाउने, त्यसमा छलफल गराउने, पाठ र अपाठका बिचको भिन्नता निर्धारण गर्न लगाउने, त्यस्तै अन्य पाठ खोज्न र व्याख्या गर्न लगाउने लगायतका कार्यकलापमा जोड दिन थालिएको छ । यी दुबै प्रकृतिका कार्यकलापका क्रममा पाठलाई पाठका रूपमा संरचित तुल्याउने संसक्ति र संयुक्तिको वस्तुगत व्याख्या विवेचन गर्नु आवश्यक हुन्छ । जसले सिकारुलाई सुसंरचित र सिलसिलेवर पाठ रचनाका लागि सहायता प्रदान गर्दछ ।

## प्रकार्यात्मक पाठ्यक्रम निर्माणमा सङ्कथन विश्लेषणको उपयोग

शैक्षणिक भाषाविज्ञानका सन्दर्भमा सङ्कथन विश्लेषण सम्बन्धी धारणा आएपछि प्रकार्यात्मक पाठ्यक्रम बनाउनुपर्ने धारणा विकसित भएको पाइन्छ । वस्तुतः प्रकार्यात्मक पाठ्यक्रममा सिकारु र तिनको सम्प्रेषणात्मक आवश्यकताका आधारमा कार्यहरूको छनोट गरिन्छ र तिनको क्रम निर्धारण गरिन्छ । यसमा शिक्षकको भूमिका कुन भाषिक संरचना कहाँ प्रयोग गर्ने भन्ने बारेमा परिवेशगत जानकारी गराउने मात्र हुन्छ । प्रकार्यात्मक पाठ्यक्रमले विद्यार्थीलाई भाषिक सम्प्रेषणका लागि प्रोत्साहित गर्छ, आधिकारिक सामग्री तय गर्छ र विद्यार्थीलाई प्राकृतिक भाषाको अनुभव गर्ने अवसर उपलब्ध गराउँदछ । यस्तो पाठ्यक्रम सम्प्रेषणात्मक परीक्षणका लागि पनि उपयोगी हुन्छ । सम्प्रति यसतर्फ पनि चासो दिन थालिएको छ । भाषावैज्ञानिक कट्स (सन् १९९५) का अनुसार कुनै पनि भाषाशिक्षकले साङ्कथनिक दृष्टिकोणमा आधारित भई पाठ्यक्रम निर्माण गर्दा निम्न तिन पक्षमा ध्यान दिनु पर्दछ :

- **सङ्कथन विभाजन**

साङ्कथनिक दृष्टिकोणमा आधारित भएर भाषा पाठ्यक्रम निर्माण गर्दा सर्वप्रथम चार आधारभूत स्वरूपमा भिन्नता छुट्याउनुपर्छ : कथ्य स्वरूप, लेख्य स्वरूप, मनोवादात्मक स्वरूप र संवादात्मक स्वरूप । यसपछि दोस्रो चरणमा विधा निर्धारण गर्नु पर्छ । जुन सामाजिक रूपमा परिचित सञ्चारमा आधारित हुनु पर्छ । पाठ्यक्रम निर्माणका क्रममा अवलम्बन गर्न सकिने मुख्य साधारण कार्यमा

रिपोर्टिङ, बहस, व्याख्या, आदेश, मनाउ आदि पर्छन् । विभिन्न विधाका माध्यमबाट भाषाको प्रयोग गर्नुले सामाजिक कार्य र भाषिक स्वरूपका बिचको कसिलो सम्बन्धमा जोड दिने मानिन्छ । भाषावैज्ञानिक कुक (सन् १९८९) ले सङ्कथन विधाका रूपमा पत्र, च्याट, जोक्स, विज्ञापन, सेमिनार, रिपोर्ट, म्यासेज, कविता, नोट आदि प्रस्तुत गरेका छन् । सङ्कथन विभाजनको तेस्रो तह तरिका वा रणनीति हो । जसबाट सहभागीलाई वास्तविक कार्य सम्पादनका रूपमा साञ्चारिक घटनामा एकीकृत गर्न सकिन्छ । जसले के भन्ने र कसरी भन्ने बारेमा आफ्नो उद्देश्य र धारणानुसार निर्णय गर्न सक्छ । यसले भाषाको व्यवस्थित प्रयोगलाई पनि जनाउँछ । यस अर्थमा कि शाब्दिक व्याख्यामा कोशीय व्याकरणिक छनोट र सामाजिक सांस्कृतिक पक्षहरूलाई एकीकृत गर्न सकिन्छ । पाठ्यक्रमलाई निश्चित स्वरूपमा ढाँचाबद्ध गर्न पनि रणनीतिले सघाउँछ । म्याकार्थी र कार्टर (सन् १९९४) ले पाठ्यक्रम निर्माणका सन्दर्भमा विधामा आधारित तरिका, संयुक्तिमा आधारित तरिका, नम्रतामा आधारित तरिका, योजनामा आधारित तरिका, अभिसरणमा आधारित तरिका, संशोधन-परिमार्जनमा आधारित तरिका गरी छओटा तरिका प्रस्तुत गरेका छन् । यी विभिन्न तौरतरिका र विषयवस्तुलाई ध्यान दिएर पाठ्यक्रम निर्माण गर्नुपर्छ ।

## ▪ अनुक्रम

भाषा पाठ्यक्रम निर्माणका क्रममा सामना गर्नु पर्ने अर्को मुद्दा अनुक्रम हो । वास्तवमा सङ्कथन प्रस्तुतिका दुई मुख्य अनुक्रम छन् उर्ध्वगमन र अधोगमन । उर्ध्वगमन पद्धतिले सङ्कथन सञ्चार र विश्लेषणलाई भाषाको सानो एकाइदेखि ठूलो एकाइसम्म वर्गीकृत गर्छ । यस सम्बन्धमा कुक (सन् १९८९) ले निम्नानुसारका तह प्रस्तुत गरेका छन् : ध्वनि, अक्षर, व्याकरण, कोशीय शब्द, संसक्ति, कुराकानीगत संयन्त्र, सङ्कथन कार्य, सङ्कथन संरचना, सङ्कथन प्रकार, प्रचिलित ज्ञान, सामाजिक सम्बन्ध । यद्यपि यो पद्धति त्यति उपयुक्त भने मानिंदैन । यसको वैकल्पिक पद्धति अधोगमन पद्धति हो । जसले साङ्कथनिक आशय बोधका सन्दर्भमा भाषाको ठूलो एकाइदेखि सानो एकाइसम्मको व्यवहार उपयोगी हुने मान्यता राख्छ । यो पूर्वज्ञानबाट प्रारम्भ हुन्छ र भाषाको सानो एकाइसम्म पुग्दछ । विदेशी भाषाशिक्षणका सन्दर्भमा पनि यो दृष्टिकोण उपयोगी रहेको छ जहाँ विषयवस्तु आफ्ना अनुभव प्रवाह गर्ने आधार सामग्री बन्दछ । यस अतिरिक्त भाषा पाठ्यक्रम निर्माणका सन्दर्भमा एक वा अर्को दृष्टिकोण छनोट गर्नुभन्दा दुबैलाई समीश्रण गर्नु उपयुक्त हुने धारणाको समेत विकास भएको पाइन्छ । वस्तुत स्टानोभिक (सन् १९८०) ले त्यसलाई पारस्परिक पद्धति ( इन्टर्याक्टिभ कम्पेन्सेटरी मोडेल) भनेका छन् । यस अनुसार सङ्कथन बोध उच्चदेखि निम्न र निम्नदेखि उच्च तहका भाषिक स्वरूपमा आधारित हुँदैन । यो एउटा अन्तर्क्रियात्मक प्रक्रिया हो जसमा हामीले एकभन्दा बढी भाषिक एकाइका आधारमा व्यक्त अभिव्यक्तिको बोध गर्छौं । भाषा पाठयक्रम निर्माणका क्रममा यी विभिन्न पद्धतिमा ध्यान दिई उपयुक्त पद्धतिको प्रयोग व्यवहार गर्नु पर्दछ ।

## ▪ भाषाप्रयोगका उदाहरणको छनोट र प्रस्तुति

भाषाका विभिन्न स्वरूपको प्रस्तुति भाषा पाठ्यक्रमका आधारमा हुन्छ भने भाषापाठ्यक्रम पनि अपनाइएको तरिका वा दृष्टिकोणमा आधारित हुन्छ । यस सम्बन्धमा म्याकार्थी र कार्टर (सन् १९९४) ले निम्नानुसारका पाँच सिद्धान्त प्रस्तुत गरेका छन् :

**व्यतिरेकी सिद्धान्त** : भाषाले खास परिस्थितिमा कसरी कार्य सम्पादन गर्छ, विभिन्न परिस्थितिको तुलना र भिन्नताबाट पाठको विकास कसरी हुन्छ, पाठ विदेशी भाषा र सिकारुको पहिलो भाषाका लागि कसरी बोध्य हुन्छ भन्ने कुरासँग व्यतिरेकी सिद्धान्त सम्बन्धित रहेको छ ।

**निरन्तरताको सिद्धान्त** : भाषिक समुदायद्वारा निर्मित पाठका श्रेणीहरूलाई पृथकपृथक रूपमा खण्डीकृत गर्न सकिँदैन । तथापि भाषिक प्रयोक्ताले आफ्नो मनसाय अनुसार मिलाउन सक्छ । त्यस्तो तŒवलाई पाठको अनुकरणात्मक स्वरूप मानिन्छ ।

**अनुमानित सिद्धान्त** : कुनै पनि भाषाका नमुनाले सांस्कृतिक भार संवहन गरेका हुन्छन् । जसको अर्थ बोध गर्न व्याख्या आवश्यक हुन्छ । त्यसैले अर्थ बोधका लागि वास्तविक तरिका शिक्षण गर्न ( शिक्षण संस्कारका लागि मात्र होइन) केही प्रयत्न गर्नु पर्ने हुन्छ ।

**परिचित-अपरिचित सिद्धान्त** : भिगोत्स्की (सन् १९७९) का अनुसार यस सिद्धान्तले सिकारु परिचित रहेको अभ्यासबाट आरम्भ गरिने सिकाइ प्रभावकारी हुन्छ । त्यसपछि क्रमशः सङ्कथन अभ्यासका पछिल्ला चरणमा सिकारुलाई लग्नु पर्छ । जुन धेरै नै कठिन छन्, विस्तृत छन् र सन्दर्भविहीन छन् ।

**समालोचनात्मक सिद्धान्त** : परम्परागत रूपमा जो व्यक्तिहरू (सरकार, कर्मचारीतन्त्र, शिक्षकहरू) सञ्चार (मेडिया) को पहुँचमा छन् तिनको अभिव्यक्तिले भाषा प्रभावित हुन्छ । तिनले भाषालाई अनुभव र आदर्श प्रस्तुतिको माध्यमका रूपमा उपयोग गर्छन् । तिनीहरूको समालोचनात्मक क्षमताको माध्यमबाट विद्यार्थीलाई स्वतन्त्र शिक्षित नागरिक बन्न उत्प्रेरित गर्न सकिन्छ ।

यसप्रकार भाषाशिक्षणमा सङ्कथन विश्लेषणलाई संसक्ति, संयुक्ति, संरचनात्मक एवम् कार्यात्मक विशेषता, वाक्क्रियात्मक, सहकार्यात्मक एवम् कुराकानीगत सिद्धान्त, आलोचनात्मक सोचाइ, पढाइ र लेखाइका सन्दर्भमा उपयोग गर्न सकिन्छ । यसको प्रयोग भाषाशिक्षणको पहिचान वा अनुसन्धान गर्ने विधिका रूपमा मात्र नभई सिकारुका बिचको अन्तर्क्रिया अध्ययन, साञ्चारिक लक्ष्यार्थ भाषिक प्रयोगको विश्लेषण एवम् सङ्कथन वा पाठको बोध, उत्पादन र विवेचन सामर्थ्य समीक्षणमा समेत केन्द्रित हुनु युक्तियुक्त हुन्छ ।

## निष्कर्ष

उल्लिखित तथ्यलाई दृष्टिगत गर्दा सङ्कथन विश्लेषण र भाषाशिक्षणका बिच घनिष्ठ सम्बन्ध रहेको देखिन्छ । वस्तुतः सङ्कथन विश्लेषण शुद्ध सैद्धान्तिक अवधारणा मात्र नभएर भाषाशैक्षणिक सन्दर्भसँग सम्बन्धित रहेको छ । यसको प्रयोग, व्यवहार भाषाशिक्षणका विभिन्न क्षेत्रमा गर्न सकिने देखिएको छ । खासगरी विद्यार्थीहरूमा सम्प्रेषणात्मक क्षमता विकास गर्न, अन्तर्क्रियात्मक क्षमताको विकास गर्न, आवश्यक शैक्षिक सामग्री र प्रक्रियालाई व्यवस्थित गर्न, शिक्षण प्रक्रियालाई व्यवस्थित तुल्याउन, दोस्रो भाषाको सिकाइ शिक्षणलाई प्रभावकारी बनाउन, उपयुक्त सङ्कथन छनोट र मूल्याङ्कन गर्न, भाषिक अभिव्यक्तिको समुचित बोध गरी प्रतिक्रिया जनाउन, विभिन्न किसिमका लेखाइगत विशेषताको व्याख्या गर्न, भाषिक प्रयोगमा व्याख्यात्मक सूचना र मार्गदर्शन उपलब्ध गराउन, भाषा प्रयोग र भाषा सिकाइका समस्या समाधान गर्न, आधुनिक एवम् भाषावैज्ञानिक सुझका साथ शिक्षण गर्न सङ्कथन विश्लेषण निकै उपयोगी देखिएको छ । यद्यपि सङ्कथन विश्लेषण र प्रकरणार्थविज्ञानका मान्यताहरूको उपयोग गरेर सिकाइ शिक्षणलाई विस्तृत तुल्याउन अझै केही समय लाग्न सक्छ । विश्वविद्यालय तहका समकालीन पाठ्यक्रमहरूले सङ्कथन विश्लेषण र प्रकरणार्थविज्ञानको चर्चा, परिचर्चा एवम् शिक्षणीय आवश्यकतामा जोड दिएकाले विस्तारै यसको प्रभाव सिकाइ शिक्षणका क्षेत्रमा पर्दै जाने विश्वास गर्न सकिन्छ ।

**सन्दर्भ सामग्रीसूची**


अल्सावी, ए. (सन् २०१६), *रिटन डिस्कोर्स एन्ड इट्स एप्लिकेसन इन इङ्लिस ल्याङ्ग्विज टिचिङ,* अरब वर्ल्ड इङ्लिस जर्नल, ७ (२), पृपृ. २२४-२५४ ।

कट्स, जे. एम. (सन् १९९५), *ब्रिङ्गिङ् डिस्कोर्स एनलाइसिस इन टु द ल्याङ्ग्विज क्लासरूप,* लिङ्क्स एन्ड लेटर्स, ३, पृपृ ७७-१०१ ।

कुक, जी. (सन् १९८९), *डिस्कोर्स* : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

कोथर्ड, एम. (सन् १९७७), *एन इन्ट्रोडक्सन टु डिस्कोर्स एनलाइसिस* : लङ्गम्यान ।

क्याटफोर्ड, जे. सी. (सन् १९९८), ल्याङ्ग्वेज लर्निङ् एन्ड अप्लाइड लिङ्ग्विस्टिक्सः अ हिस्टोरिकल स्केच, *ल्याङ्ग्वेज लर्निङ्,* वर्ष, ४८, अङ्क ४, पृपृ. ४६५-४९६ ।

क्यानडी, जी. ए. (सन् १९९८), *कम्प्यारेटिभ रेटोरिकः एन हिस्टोरिकल एन्ड क्रस कल्चरल इन्ट्रोडक्सन* : अक्स्फोर्ड युनिभर्सिटी प्रेस ।

क्यानेल, एम. (सन् १९८३), फ्रम कम्युनिकेटिभ कम्पिटेन्स टु कम्युनिकेटिभ ल्याङ्ग्विज पेडागोजी, रिचार्डस् जे एन्ड स्मित, आर (सम्पा.) *ल्याङ्ग्विज एन्ड कम्युनिकेसन* : लङ्म्यान ।

ग्रेगर्सन, एफ. (सन् १९९१), रिलेसनसिप बिटुबिन लिङ्ग्विस्टिक्स एन्ड अप्लाइड लिङ्ग्विस्टिक्सः सम डेनिस इक्जाम्पल्स, आर. फिलिप्सन, इ. किलरमेन, एल सिलिङ्कर, स्मिथ एम. सरुड र एम. स्वाइन (सम्पा.), *फरेन/सेकेन्ड ल्याङ्ग्वेज पेडागोजी रिसर्च* : मल्टिलिङ्गुअल म्याटर्स ।

डेमो, डी. ए. (सन् २००१), *डिस्कोर्स एनलाइसिस फर ल्याङ्ग्विज टिचर्स,* इरिक डाइजेस्ट ।

निभिस, डी. एम. (सन् २०१३), द रोल अफ प्रग्माटिक्स इन इङ्लिस ल्याङ्ग्विज टिचिङ प्रग्माटिक्स कम्पिटेन्स, *एकेडेमिक जर्नल अफ इन्टरडिसिपिलिनरी स्टडिज,* २ (४), पृपृ ६३-६९ ।

नुनन, डी. (सन् १९९३), *इन्ट्रोड्युसिङ डिस्कोर्स एनलाइसिस* : पेन्गुइन बुक्स ।

पासी, पी. (सन् १९२९), *लफोन टिकट्स एप्लिकेसन* : इन्टरनेसनल फोनेटिक एसोसिएसन ।

फेयरक्लफ (सन् २००३), *एनलाइजिङ डिस्कोर्स* : राउटलेज ।

भिगात्स्की, एल. (सन् १९७९), *इङ्लिस ल्याङ्ग्विज डिजारोलो दि लस प्रोसेस साइकलजिस सुपेरिअर्स* : क्रिटिका ।

म्याकार्थी, एम. एन्ड कार्टर, आर. (सम्पा) (सन् १९९४), *ल्याङ्ग्विज एज डिस्कोर्स : पर्सपेक्टिभ्स फर ल्याङ्ग्विज टिचिङ* : लङ्म्यान ।

म्याकार्थी, एम. (सन् २००१), *इस्यु इन अप्लाइड लिङ्ग्विस्टिक्स* : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

लोमस, सी. ओसोरो, ए. एन्ड ट्युसन, ए. (सन् १९९३) *सिन्सियस डेल ल्याङ्ग्विज कम्पिटेन्सि कम्युनिकेटिभ इन्सिजान्जा दि लिङ्गुवा* : पेइड्स ।

ल्याडो, (सन् १९६०) *न्यु प्रस्पेक्टिभ्स इन ल्याङ्ग्वेज लर्निङ* : किगन पउल ।

विस्नेस्की, के. (सन् २००६), *डिस्कोर्स एनलाइसिस,* इन्जिएल्स्की अनलाइन डट जक्त।

विडोसन, एच. जी. (सन् १९७८), *टिचिङ् ल्याङ्ग्विज एज कम्युनिकेसन* : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

शर्मा, विकास (२०११), *प्रग्माटिक्स एन्ड डिस्कोर्स एनलाइसिस* : सनलाइट पब्लिकेसन ।

हालिडे, एम. ए. के. र हसन, आर. (सन् १९९१), *ल्याङ्ग्विज कन्टेक्स्ट एन्ड टेक्स्ट : आस्पेक्ट अफ ल्याङ्ग्विज इन अ सोसिअल सेमिओटिक पर्सपेक्टिभ,* लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।